

ISSN: 3021-9337 (Print), 3021-9345 (Online)

# लङ्गडाको साथी उपन्यासमा अङ्गीरस

**संजय खतिवडा**
नेपाल खुला विश्वविद्यालय
sanjaya.khatiwada@gmail.com

**Article History:** *Received*: 18 May 2025, *Accepted*: 2 December 2025, *Published*: 14 December 2025
**DOI:** https://doi.org/10.3126/srj.v3i1.93339

## लेखसार

*प्रस्तुत लेखको उद्देश्य लैनसिंह बाङ्देलद्वारा लिखित लङ्गडाको साथी उपन्यासमा अङ्गीरसको पहिचान र विश्लेषण गर्नु रहेको छ । यस उद्देश्यलाई पूरा गर्न लङ्गडाको साथी उपन्यासमा अङ्गी रसको विकास कसरी भएको छ भन्ने प्रश्न तय गरिएको छ । यस लेखमा सामग्री विश्लेषणका लागि पूर्वीय काव्यशास्त्रीय मान्यताअन्तर्गत रससिद्धान्तलाई आधार मानिएको छ । आचार्य भरतमुनिद्वारा प्रतिपादन गरिएको तथा उनीपछिका रसवादी आचार्यहरूबाट परिपोषित मान्यताका आधारमा स्थापित रसवादी चिन्तनलाई आधार मानेर यस उपन्यासको गरिएको छ । पुस्तकालयीय कार्य तथा निगमनात्मक विधिको परिधिमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी सामग्रीको विश्लेषण गरिएको छ । यस लेखमा मुख्य घटनावस्तुका आधारमा लङ्गडाको साथी उपन्यासमा निष्पादित अङ्गीसलाई रससामग्रीका आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासको मुख्य घटनाका आधारमा अङ्गी रसका रूपमा शोक स्थायी भाव भएको करूण रहेको देखिन्छ । करूण रसको विभावअन्तर्गत दार्जिलिङ सहरका विभिन्न गल्ली तथा बाटोहरूमा देखापरेका पात्रहरू, स्कुले विद्यार्थीहरू, होटलमा रहेका विभिन्न मानिसहरू, ड्राइभर, पुलिस हाकिम आदिजस्ता पात्रहरू आलम्बन तथा लङ्गडा र कुकुर बिचको मित्रता, लङ्गडाले भोकभोकै दार्जिलिङ सहरका गल्लीहरूमा हिड्नु पर्दाको दुःख, लङ्गडालाई स्कुले तथा सहरका अन्य केटाकेटीहरूले जिस्क्याउने लगायतका अन्य अमानवीय कार्यहरू, ड्राइभर, पुलिसको हाकिम आदिजस्ता पात्रहरूले देखाएको व्यवहार, पुसको ठण्डी, जाडो, लङ्गडालाई उसको साथी कुकुरले देखाएको व्यवहार, कुकुर हराउँदा लङ्गडाद्वारा प्रस्तुत व्यवहार आदिजस्ता घटनाहरू र परिवेश उद्दीपन विभाव बनेका छन् । त्यसैगरी कुकुरको अनुपस्थितिमा लङ्गडा छटपटिनु, लङ्गडाको अभावमा कुकुर छटपटिनु, कुकुरको व्यवहारले लङ्गडामा कहिले खुसी त कहिले दुःखी बन्नु आदिजस्ता विभिन्न घटनाहरू अनुभाव बनेका छन् भने जडता, चिन्ता, ग्लानि, विषाद त्रास, व्याधि, उन्माद, मोह र मरण व्यभिचारी भावका रूपमा रहेका छन् । प्रस्तुत लेखले रसवादी कोणबाट लङ्गडाको साथी उपन्यासमा अङ्गी रसको मात्र*

*अध्ययन विश्लेषण गरेको छ । यही नै यस अध्ययनको सीमा रहेको छ भने यस उपन्यासको रसवादी कोणबाट अध्ययन गर्न चाहने अध्येता, पाठक तथा जिज्ञासा राख्ने जोकोही लाभान्वित हुने भएकाले यो अध्ययन औचित्यपूर्ण हुनेछ ।*

**शब्दकुञ्जी** : अङ्गी रस, अनुभाव, विभाव, व्यभिचारी भाव, स्थायी भाव ।

## विषयपरिचय

*लङ्गडाको साथी* (२००८) उपन्यासकार लैनसिंह बाङ्देल (जीवनकाल वि.सं. १९८१–२०५९) द्वारा रचित उपन्यास हो । यसका साथै उनका प्रकाशित अन्य उपन्यासहरू *मुलुकबाहिर* (२००४), *माइतघर* (२००६), र *रेम्ब्रान्ट* (२०२३) रहेका छन् (आचार्य, २०५८, पृ. ३१) । यी उपन्यासहरूमा नेपाली समाजको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा लङ्गडा र उसको मानवेतर साथी कुकुरका वरिपरि रहेर घटनाहरू अगाडि बढेका छन् । दार्जिलिङ सहर वरपरको परिवेशमा लङ्गडाको जीवनमा घटेका घटनाहरूलाई देखाउँदै त्यसलाई प्रकृतिसँग तारतम्य मिलाएर यथार्थपरक रूपमा प्रस्तुत उपन्यासमा देखाइएको छ ।

प्राचीन मनिषिहरूले रसमय भाव व्यक्त गर्ने शब्दलाई काव्यको संज्ञा दिएका छन् । त्यसैले भरतमुनिले नाट्यशास्त्रमा वस्तु, नेता र रसलाई नाटकका प्रमुख तत्त्व मानेका छन् । काव्य पढेपछि वा नाटक हेरेपछि दर्शकका मनमा पर्ने स्थायी प्रभाव नै रस हो । रस पाठक तथा दर्शकको मानसिक तहमा प्रभाव पार्ने तत्त्व हो । रसलाई साहित्यको भावगत सौन्दर्य पनि भन्न सकिन्छ । लोकसाहित्य, लोकनाटक, लोकनृत्य लगायत समग्र लिखित साहित्यका विधामा पनि रसको प्रभाव रहेको हुन्छ । काव्यका माध्यमले भावकका भावनालाई उद्‌बुद्ध गराउने रागात्मक अनुभूति नै रस हो । कुनै पनि साहित्यिक विधाको अध्ययनपछि पाठकले आफ्नो मनमा गरेको अनुभुति नै रस हो । रसका माध्यमबाट नै कुनै पनि विधाको रचनाले पाठक वा श्रोतालाई नजिक बनाउँदछ । रसका माध्यमबाट साहित्यिक कृतिमा निहित भावलाई कलात्मक ढङ्गले अभिव्यञ्जित गर्न सकिन्छ । भावकमा रहेको रागात्मकता हटाई सत्त्व गुणको उद्रेक भई विशुद्ध हृदयी भावको आस्वादन गराउने आनन्द चेतना नै रस हो तसर्थ रसका माध्यमबाट अध्येता वा भावकले सत्त्व भावको आस्वादन गरी आनन्द पनि प्राप्त गर्न सक्दछ । कुनै पनि साहित्यिक कृतिमा अङ्ग र अङ्गीरस गरी दुई प्रकारबाट रस आस्वादन गर्न सकिन्छ । कुनै साहित्यिक कृतिमा मुख्य रूपमा प्रकट भएको रसलाई अङ्गी रस भनिन्छ । अङ्गी रसलाई परिपाक अवस्थामा पुऱ्याउनका लागि सहयोगीको रूपमा आउने अन्य रसलाई अङ्गरस भनिन्छ । अङ्ग रसले अन्य सहायक घटनाहरूलाई विकसित गराउन महत्त्वपूर्ण भूमिका खेल्दछन् । लैनसिंह बाङ्देलको आख्यानात्मक कृति *लङ्गडाको साथी* उपन्यासलाई रस सिद्धान्तका आधारमा अध्ययन गर्नु आफैँमा नवीन विषय भएकोले यो कार्य औचित्यपूर्ण छ साथै आख्यान विधामा रस

पहिल्याउन तथा रसका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने अध्येताहरूका लागि पनि प्रस्तुत लेख उपयोगी हुनेछ ।

## समस्याकथन

लङ्गडाको साथी उपन्यासमा लङ्गडाको जीवनमा आधारित विभिन्न भावयुक्त घटनाहरू अभिव्यञ्जित भएका छन् । भावहरूको संयोजनद्वारा नै रसको परिपाक हुने हुँदा प्रस्तुत उपन्यास रस सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । तसर्थ *लङ्गडाको साथी* उपन्यासमा अङ्गी रसको विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहको छ । यस उद्देश्यलाई पूरा गर्नका लागि यस उपन्यासमा अङ्गी रसको विकास कसरी भएको छ अर्थात् रसात्मकताले परिणति कसरी प्राप्त गरेको छ भन्ने जिज्ञासा समस्याका रूपमा रहेको छ ।

## सामग्री सङ्कलन तथा विश्लेषण विधि

प्रस्तुत लेखमा विश्लेषणका लागि आवश्यक सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यसका लागि प्राथमिक स्रोत सामग्री लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यास रहेको छ भने द्वितीयक सामग्रीअन्तर्गत यस उपन्याससँग सम्बन्धित रहेर गरिएका विभिन्न प्रकाशित अनुसन्धानात्मक लेख, रचना, पुस्तक तथा अप्रकाशित शोधकार्यहरू रहेका छन् । प्रस्तुत लेख आख्यानात्मक रचनामा रसको प्रयोगसँग सम्बन्धित रहेकाले सैद्धान्तिक आधारका रूपमा रस सिद्धान्तको उपयोग गरी त्यसैसँग आधारित भएर *लङ्गडाको साथी* उपन्यासमा अङ्गीरसको विश्लेषण गरिएको छ । रसहरूको विश्लेषण गर्दा आचार्य भरत तथा उनीपछिका भट्टनायक, आनन्दवर्द्धन, अभिनवगुप्त, मम्मट, विश्वनाथ आदिद्वारा स्थापित रससम्बन्धी मान्यतालाई आधार मानिएका छ । निगमनात्मक विधिको परिधिमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी सामग्रीको विश्लेषण गरिएको छ । रसका आधारभूत तत्त्व विभाव (आलम्बन विभाव, उद्दीपन विभाव), अनुभाव, व्यभिचारी भाव र स्थायी भाव मानिन्छन् । यिनीहरूलाई पूर्वीय काव्यशास्त्रमा रससामग्री भनिन्छ । प्रस्तुत लेखमा पूर्वीय काव्यशास्त्रीय सिद्धान्तअनुसार यिनै रससामग्रीहरूलाई आधार मानेर *लङ्गडाको साथी* उपन्यासको अङ्गी रसको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत लेखमा *लङ्गडाको साथी* उपन्यासमा रसको अवस्था के कस्तो रहेको छ भन्ने जिज्ञासाको समाधानका लागि पूर्वीय काव्यशास्त्रीय सिद्धान्तको रूपमा स्थापित रस सिद्धान्तलाई मूल आधार बनाइएको छ । पूर्वीय काव्यशास्त्रका आचार्य भरतद्वारा प्रतिपादित रस सिद्धान्तका बारेमा उनीपछिका विभिन्न आचार्यहरूले चर्चा गरेका छन् । उनीहरूले यसलाई लौकिक सुखभन्दा भिन्न तथा

उच्च कोटिको, चमत्कारमय, ब्रह्मानन्द जस्तै आनन्ददायक हुने बताएका छन् । यसको आस्वादनको बेला भावक म को हुँ ? कस्तो छु ? आदिजस्ता विषयको ज्ञानभन्दा टाढा रहेर अवर्णनीय आनन्द प्राप्त गर्दछ । त्यस्तै भिन्न भिन्न ढङ्गबाट रससम्बन्धी व्याख्या विश्लेषण गरेको पाइए तापनि निष्कर्षमा कुनै कृति पढेपछि वा नाटक हेरेपछि विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावपश्चात् भावकको मनमा उत्पन्न हुने आनन्दानुभूति नै रस हो (उपाध्याय, २०६७, पृ. २०५) । कुनै पनि कृतिमा मुख्य घटनासँग जोडिएर सुरूदेखि अन्त्यसम्म आउने साथै परिपाकको अवस्थासम्म पुग्ने रसलाई अङ्गी रस भनिन्छ भने मुख्य रसको परिपाकमा सहयोगीको भूमिका निर्वाह गर्न आउने साथै मूल घटनालाई कौतूहल बनाउन आउने रसलाई अङ्ग रस भनिन्छ (विश्वनाथ, सन् १९७७) भनी चर्चा गरेका छन् । कुनै पनि साहित्यिक कृतिमा एउटा मात्र अङ्गी रस रहेको हुन्छ भने अङ्ग रसहरू भने दुई वा सोभन्दा पनि धेरै रहन सक्दछन् ।

पूर्वीय काव्यशास्त्रमा भरतमुनिदेखि नै रससामग्रीको महत्त्व रहेको छ । उनले तत्र विभावानुभावव्यभिचारीभावसंयोगाद्रसनिष्पत्तिः (शर्मा र लुइटेल, २०६७, पृ. ४३) । रसनिष्पादन हुनका लागि विभाव अनुभाव र व्यभिचारी भावको संयोग अनिवार्य रहेको बताएका छन् भने उनीपछिका आचार्यहरूले समेत यसैलाई मान्दै आएका छन् । दर्शक वा पाठकका मनमा अवस्थित भावहरूको आस्वादनरूपी अङ्कुरलाई उमार्ने तत्त्वलाई नै विभाव भनिन्छ (खतिवडा, २०७५, पृ. ७३) । भरतले विभावका बारेमा नाट्यशास्त्रमा लेखेका छन्- "विभाव्युन्तेकनेन वागसङ्गसत्त्वाभिनया इत्यतो विभावः" (जैन, सन् १९६४, पृ. ४०९) । यसर्थ पाठकले साहित्य पढिसकेपछि विकसित हुने दशा वा अवस्था नै विभाव हो भन्न सकिन्छ । भावहरूलाई उत्पन्न गर्ने अथवा बिउँझाउन सामग्रीलाई विभाव भनिन्छ । विभाव आलम्बन र उद्दीपन गरी दुई किसिमको हुन्छ (अधिकारी, २०६७, पृ. २८) । रस उद्दीप्तिका लागि भावकले जसको आश्रय लिन्छ त्यो आलम्बन विभाव हो भने जसले रस उद्दीपन गराउन उद्दीपकको भूमिका निर्वाह गर्दछ, त्यसलाई उद्दीपन विभाव भनिन्छ (उपाध्याय, २०६७, पृ. २८-२९) । त्यस्तै विभिन्न कारणले हृदयमा उद्बुद्ध रति आदि भावलाई बाहिर प्रकट गर्ने शरीरका विभिन्न अङ्गको चेष्टा वा कार्यव्यापारलाई अनुभाव भनिन्छ । यसर्थ साहित्यिक कृति पढिसकेपछि पाठकका मनमा आएका भावहरूलाई आङ्गिक, वाचिक, सात्त्विक वा आहार्य जुनसुकै ढङ्गबाट बाहिर प्रकट गरिन्छ त्यसलाई नै अनुभाव भनिन्छ (शर्मा र लुइटेल, २०६७ पृ. ४५) । अङ्गी रसलाई पुष्टि गर्नका लागि घटनाको बिचमा आएर बिचमै हराउने किसिमका भावहरूलाई व्यभिचारी भाव भनिन्छ । वाचिक, आङ्गिक तथा सात्त्विक भावहरूले युक्त भएर रसहरूलाई प्रयोगको अवस्थामा प्रतीतियोग्य बनाउने हुनाले यिनीहरूलाई व्यभिचारी भनिएको हो (जैन, सन् १९६४, पृ. ४३२) । यसलाई सञ्चारी भावसमेत भनिन्छ । पूर्वीय साहित्य सिद्धान्तमा यस्ता भावहरू ३३ वटा रहेका छन् (शर्मा र लुइटेल, २०६७ पृ. ४५) । अनुकूल वा प्रतिकूल भावहरूबाट नलुक्ने र रसास्वादनको डाँठ वा मूल जराको रूपमा रहने भाव स्थायी भाव हो । सहृदयीको हृदयमा स्थिर वासनाका रूपमा रहने चित्तवृत्ति वा मनको विकारलाई

स्थायी भाव भनिन्छ (खतिवडा, २०७५, पृ. ७२) । यसर्थ विभाव, अनुभाव र सञ्चारी भावबाट उत्पन्न हुने रति, उत्साह, शोक, भय, क्रोध, जुगुप्सा आदि भावहरूको सञ्चारको स्थिरतालाई स्थायी भाव मान्न सकिन्छ । स्थायी भावहरू शृङ्गार वीर, करूण, अद्भुत, रौद्र, हास्य, बीभत्स, भयानक र शान्त गरी नौ वटा रहेका छन् (शर्मा र लुइटेल, २०६७, पृ. ४४) । यस लेखमा *लङ्गडाको साथी* उपन्यासमा अङ्गीरसको विश्लेषण गर्दा यिनै रससामग्रीहरूलाई आधार मानिएको छ ।

## विमर्श र मूल्याङ्कन

प्रस्तुत उपन्यासको कथावस्तुलाई अध्ययन गर्दा समाजबाट उपेक्षा भोगेको लङ्गडालाई मानवेत्तर पात्र कुकुरले गरेको माया तथा मानव र मानवेत्तर प्राणी बिचको सम्बन्धलाई देखाइएको पाइन्छ । उपन्यासमा घटित घटनालाई विश्लेषण गर्दा मुख्य घटना लङ्गडा र कुकुरकै वरिपरि घुमेकोले मुख्य घटना उनीहरूकै केन्द्रमा रहेको छ । उपन्यासमा लङ्गडोलाई मानवीय पात्रहरूले देखाएको अमानवीय व्यवहार, मुख्य पुरूष पात्र लङ्गडा र उसको मानवेत्तर पात्र कुकर बिचको सम्बन्ध तथा उनीहरूले एकअर्कालाई गरेको प्रेम र सद्भाव एवम् उनीहरूले उपन्यासको अन्त्यमा देखाएको भावबाट शोकभाव निष्पादन भएको छ । साथै विभिन्न उतारचढावहरू पार गर्दै अन्त्यमा उनीहरू बिचको आत्मीय सम्बन्ध मृत्युपश्चात् पनि देखिनुले करूणा/शोक भावको अवस्था सिर्जना गरेको देखिन्छ । यसर्थ प्रस्तुत नाटकमा करूण रस अङ्गी रसका रूपमा रहेको देखिन्छ । इष्टनाश तथा अनिष्ट प्राप्तिका कारण शोक अभिव्यञ्जित भएमा करूण रस हुन्छ । प्रस्तुत *लङ्गडाको साथी* उपन्यासमा पनि लङ्गडाले आफ्नो साथीलाई गुमाएको र पछि केही समयको भेटपश्चात् लङ्गडाको मृत्यु देखाइएको छ । "... लङ्गडाका आँखा आँसुले डलबल भए । उसले कुकुरलाई करूण दृष्टिले हेरिरहेको थियो । त्यो दृष्य जीवनको लामो यात्रामा जान लाग्दा कुनै आफ्नो आत्मीय बन्धुले रूँदै बिदा मागिरहेको जस्तो थियो" (बाङ्देल, २०८०, पृ. ६६) । यसले प्रस्तुत उपन्यासमा करूण रसलाई अङ्गी रसका रूपमा रहेको देखाउँछ ।

## विभाव

वाक्, अङ्ग र सात्त्विक अभिनयद्वारा विशेष स्थितिमा मन वा शरीरमा उत्पन्न हुने दशा वा अवस्थालाई विभाव भनिन्छ । विभावअन्तर्गत आलम्बन र उद्दीपन विभाव पर्दछन् । प्रस्तुत उपन्यासमा मुख्य पात्र लङ्गडा र उसको साथी मानवेत्तर पात्र कुकुरको भूमिकाकै वरिपरि भएर घटना अघि बढेको छ । यसका साथै दार्जिलिङको विभिन्न गल्ली तथा बाटोहरूमा देखापरेका पात्रहरू, स्कुले विद्यार्थीहरू, होटलमा रहेका विभिन्न मानिसहरू, ड्राइभर, पुलिस हाकिम आदिजस्ता पात्रहरू आलम्बन विभावका रूपमा रहेका छन् । उनीहरूको भूमिकाले प्रस्तुत उपन्यासमा करूण रसलाई अङ्गी रसका रूपमा स्थापित गर्न सहयोग गरेको छ । यसर्थ प्रस्तुत उपन्यासमा उनीहरू आलम्बन विभाव

बनेका छन् । प्रस्तुत उपन्यासमा लङ्गडाको दुःखद तथा कारुणिक अवस्था देखाइएकोले आलम्बन विभावअन्तर्गत पनि लङ्गडा र कुकुरलाई विषयका रूपमा र घटना विकासका क्रममा देखापरेका अन्य पात्रहरू आश्रयका रूपमा रहेका छन् । यस उपन्यासमा देखापरेका विभिन्न घटना तथा पात्रहरू उद्दीपन विभावका रूपमा रहेका छन् । "त्यति गरेपछि बल्ल त्यो कुकुर पनि कान फटफटाउँदै उठ्यो कुकुरलाई हेरेर त्यो मानिस मुसुक्क हाँस्यो, फेरि आफ्ना दुवै घुँडाको माझमा मुन्टो त्यसले घुसाऱ्यो र बिँडी तान्न थाल्यो" (बाङ्देल, २०८०, पृ. ४) । यस उद्धरणले लङ्गडा र कुकुर बिचको मित्रतालाई प्रस्तुत गरेको छ । यसले करूण रसको उद्दीपन विभावको कार्य गरेको छ । "त्यसै बखत स्कुल जान लागेका ठिटाहरूको एउटा दल मोडमा आइपुगेको थियो । लङ्गडालाई देख्नासाथ उनीहरू एक स्वरले 'भुइँ भालु !' भनेर कराए । लङ्गडा नसुनेजस्तो गरेर हतारहतार सिमेन्टको सिँढीबाट ओर्ली देब्रे गल्लीमा चाँडचाँडै हातखुट्टाले घस्रँदै भाग्न थाल्यो"(बाङ्देल, २०८०, पृ. ३७) । प्रस्तुत उद्धरणमा आएको लङ्गडालाई स्कुले तथा सहरका अन्य केटाकेटीहरूले जिस्क्याउने कार्यका साथै लङ्गडाले भोकभोकै दार्जिलिङ सहरका गल्लीहरूमा हिड्नु पर्दाको दुःख, पनि करूण रसको उद्दीपन विभाव बनेका छन् । त्यसैगरी लगायतका अन्य अमानवीय कार्यहरू, ड्राइभभर, पुलिसको हाकिम आदिजस्ता पात्रहरूले देखाएको व्यवहार, पुसको ठण्डी जाडो, लङ्गडालाई उसको साथी कुकुरले देखाएको व्यवहार, कुकुर हराउँदा ऊद्वारा प्रस्तुत व्यवहार, ठण्डी मौसमको वातावरण आदिजस्ता घटनाहरू र परिवेश करूण रसका उद्दीपकका रूपमा आएका छन् ।

### अनुभाव

विभिन्न कारणले हृदयमा उद्बुद्ध रति भाव आदिलाई बाहिर प्रकट गर्ने अङ्गका विभिन्न व्यापार र चेष्टालाई अनुभाव भनिन्छ । आङ्गिक अभिनयका विभिन्न मुद्रा, उपाङ्गको चेष्टा र नर्तकको वेशभूषाका माध्यमबाट यस्तो भाव व्यक्त हुन्छ । अनुभाव आङ्गिक, वाचिक, सात्त्विक/मानसिक र आहार्य गरी चार प्रकारको हुन्छ (शर्मा र लुइटेल, २०६७, पृ. ४५) । प्रस्तुत उपन्यास *लङ्गडाको साथी* मा विभिन्न कुराहरू अनुभावका रूपमा आएका छन् । "लङ्गडाले लामो निस्कृतिको निःश्वास लियो । वहाँपछि लङ्गडालाई एकछिनसम्म कता जाऊँ, के गरूँ भन्ने विचार भयो । उसलाई आफ्नो कुकुरको सम्झना भयो । उसलाई साह्रै शून्य र एक्लो लागिरह्यो । ऊ चारैतिर हेरेर कुकुर खोज्न हिँड्यो । यताउता कुकुरलाई उसले खोज्यो, तर कतै देखेन" (बाङ्देल, २०८०, पृ. ३७) । प्रस्तुत उद्धरणमा कुकुरको अनुपस्थितिमा लङ्गडा छटपटिएकोले त्यहाँ सात्त्विक अनुभाव देखिएको छ ।

> ...रातभरि परेको पानी थामिसकेको थियो । प्रातःकालै त्यो कुकुर फेरि गड्डीखामको ओरालो गल्लीमा लङ्गडा सुत्ने झुप्रातिर लुखुरलुखुर गइरहेको थियो । झुप्रो शून्य देखेर कुकुरले यताउता भुइँ सुँघ्यो। भित्र लङ्गडा सुत्ने गरेको थियो, दुइटा फल्याक थिए, त्यहाँ गएर त्यो पनि गुँडुलिएर सुत्न खोज्यो । कुकुर कामिरहेको थियो । त्यहाँ त्यो धेरै बेर सुत्न सकेन ।

> कुकुर उठ्यो । त्यसले यता र उता चारैतिर हेऱ्यो । एउटा कुनामा लङ्गडाको फाटेर मक्किइसकेको पुरानो कोट लत्रेको रहेछ । वरिपरि घुमेर कुकुरले त्यस लुगालाई पल्टाएर सुँघ्यो । कुकुर एक्लै थियो । त्यो फेरि बाहिर निस्क्यो, फेरि भित्र पस्यो । यसरी धेरै पल्ट त्यो मूक पशु आफ्नो आत्मीयको खोजमा झुप्राभित्र र बाहिर गरिरह्यो । (बाङ्देल, २०८०, पृ. ६८)

प्रस्तुत उद्धरणमा लङ्गडाको अभावमा कुकुर छटपटिएको छ । यसमा कुकुरको आङ्गिक तथा सात्त्विक अनुभाव स्पष्ट देख्न सकिन्छ । त्यस्तै उपन्यासमा ड्राइभर र पुलिसको हाकिम आदिले दिएको पैसाले लङ्गडामा हर्ष आउनु, कुकुरको व्यवहारले लङ्गडामा कहिले खुसी त कहिले दुःखी बन्नु आदिजस्ता विभिन्न घटनाहरू अनुभाव बनेर प्रस्तुत उपन्यासमा आएका छन् ।

## व्यभिचारी भाव

स्थायी भावलाई उकास्न सहयोगीका रूपमा आउने अस्थायी भावलाई व्यभिचारी भाव भनिन्छ (शर्मा र लुइटेल, २०६७, पृ. ४४) । व्यभिचारी भावलाई सञ्चारी भावका नामले समेत चिनिन्छ । प्रस्तुत उपन्यासमा करूण रसका व्यभिचारी भावहरू निम्नअनुसार रहेका छन् :

**जडता** : इष्ट, अनिष्ट वस्तुको दर्शन वा श्रवणबाट पात्रमा अप्राप्तिको बोध भएमा वा किंकर्तव्यविमूढ अवस्थामा आएमा जडता भाव हुन्छ (शर्मा र लुइटेल, २०६७, पृ. ४५) । यस्तो भावमा निरन्तर हेरिरहनु, चूप लागेर बस्नु आदि विकारहरू हुन्छन् ।

> टिफिनको छुट्टीमा केटाहरू दलका दल मिलेर आउँथे अनि लङ्गडालाई सडकमा देख्नासाथ 'भुइँ भालु, भुइँ भालु' भनी जिस्क्याउँथे । लङ्गडा नसुनेको जस्तै गरी आफ्नो लौरो टिपेर दुइटा काठका सहाराले छिटोछिटो हातखुट्टाले घस्रँदै कुनै पसलको कुनामा गएर आड लिन्थ्यो र भित्तापट्टि फर्केर बिंडी सल्काउने निँहु गरी धेरै बेर टोलाइरहन्थ्यो । (बाङ्देल, २०८०, पृ. ८)

प्रस्तुत उपन्यासमा लङ्गडालाई सहरका केटाकेटी तथा स्कुले विद्यार्थीहरूले भूई भालु भनेर जिस्क्याउँदा पनि नसुनेजस्तो गरी चुप लागेर बसिरहेको देखाएर जडता भावको निर्माण गरेको छ ।

**चिन्ता** : दुःखद वा शोकपूर्ण विचारको अवस्था चिन्ता हो (शर्मा र लुइटेल, २०६७, पृ. ४६) । अभीष्ट वस्तुको अप्राप्तिप्रति ध्यान गर्नु वा चिन्तन गर्नुलाई चिन्ता भनिन्छ । शून्यता, श्वास र ताप आदि मनोविकारहरू यस भावमा रहन्छन् ।

> बिहानसम्म त सपनामा ऊ कुकुरसितै खेलिरहेको थियो, कुकुरसितै डुलिरहेको थियो । अहिले आफू ब्यूँझदा पनि उसले कुकुर आफूसितै छेउमा सुतिरहेको सम्झिरह्यो । तन्द्रामा ऊ टोलाइरहेको थियो । हठात झसङ्ग भएर पाखी पल्टाएर मुख उघाऱ्यो, कुकुर रहेनछ ।

> झुप्रोको चारैतिर हेर्‍यो, मुन्टो तन्काएर कुनातिर पनि हेर्‍यो, कुकुर कहीँ रहेनछ । ऊ एकछिन जिल्ल परिरह्यो । अनि बिस्तारै उसलाई राम्रै सम्झना हुदै गयो, कुकुर त दुई दिनदेखि हराइरहेको थियो । (बाङ्देल, २०८०, पृ. ४१-४१)

यस उद्धरणमा लङ्गडाले आफ्नो साथी कुकुरलाई नभेट्दा आफूलाई शून्य महसुस गरेको देखिन्छ । आफ्नो प्रिय साथी कुकुरलाई नदेख्दा उसमा शोकपूर्ण अवस्था सिर्जना भएकाले चिन्ता व्यभिचारी भाव देखा परेको छ ।

**ग्लानि** : अङ्गको शिथिलतालाई ग्लानि भनिन्छ (शर्मा र लुइटेल, २०६७, पृ. ४६) । शरीर काप्नु, काम गर्ने जाँगर नहुनु र यस्तै अन्य उत्पाती मनोविकारहरू ग्लानि भावमा रहन्छन् ।

> सधै त लङ्गडा बिहानै उठेर घस्रँदै चियाको पसलमा गएर चिया मागेर खान्थ्यो । जाडाको महिनामा उसलाई बिहानै चिया नभई हुदैनथ्यो । आज लङ्गडा मन मारेर आफ्नो झुप्रामा धेरै बेरसम्म बसिरह्यो । उसको मनमा न केही उत्साह थियो न हर्ष न आशा । उसले आफ्ना दुवै हातले मुख छोप्यो । उ झोक्रिरह्यो । प्रतिदिन बाँच्नका निम्ति उसले माग्नुपर्थ्यो तर यो एकनाससित बितिरहेको जीवनले आज उसलाई ज्यादै विरक्त पार्‍यो । (बाङ्देल, २०८०, पृ. ४५)

प्रस्तुत उद्धरणमा लङ्गडाले आफ्नो साथी कुकुर हराएको कारण मनमा चिन्ता महसुस गरी विरक्त भाव व्यक्त गर्दा ग्लानि भाव भएर देखा परेको छ ।

**विषाद** : उपायको अभावमा सत्त्वको नाशबाट उत्पन्न हुने भाव विषाद हो (शर्मा र लुइटेल, २०६७, पृ. ४६) । निःश्वास, उच्छवास, मनमा ताप हुनु, सहयोगीको खोजी गर्नु आदि विकारहरू विषाद भावमा रहन्छन् ।

> लङ्गडाले टाउको उठाएर चारैतिर हेर्‍यो । उसको कण्ठ सुकिसकेको थियो । भोकले उ कमजोर भइसकेको थियो । घिस्रँदै हिड्ने शक्ति पनि अव उसमा थिएन । उसलाई आफ्नै कुकुरको मात्र सम्झना भइरहेथ्यो । उ विस्तार विस्तार घस्रँदै तल चोकको समुन्ने आयो । उसले चारैतिर हेर्‍यो । नजिकैको पानको पसल अघिल्तिर एउटा खैरो रङ्गको कुकुर गल्लीबाट फुत्त आयो र ओरालै गयो । लङ्गडा झस्क्यो । उसले एकछिनसम्म एकोहोरो त्यतापट्टि नै हेरिरह्यो, तर कुकुरलाई भने उसले देखेन । (बाङ्देल, २०८०, पृ. ५६)

प्रस्तुत उपन्यासमा धेरै दिनसम्म पनि लङ्गडाले हराएको आफ्नो साथी कुकुरलाई नदेख्दा मनमा पीडाबोध गरी कुकुरको खोजीमा यताउता भौतारिनुबाट विषाद भाव निर्मित भएको छ ।

> लङ्गडाको अलिकति होस आएपछि उसले आफूलाई हिलोमा लडिरहेको पायो । चारैतिर निःस्तब्ध थियो । उसले हिलोमा गाडिएको आफ्नो टाउको उठाउने बल त गर्‍यो तर सकेन ।

> जाडाले उसका हातखुट्टा सबै हिउँ भइसकेका रहेछन् । हिलोमा सुतीसुती उसले पृथ्वीदेखि माथि स्वर्गमा आँखा उठाएर हेऱ्यो - मेघयुक्त आकाशमा बियाउँदो रातका ताराहरू साह्रै रमाइलोलाग्दो गरी चम्किरहेका रहेछन् ! हिजो रातिको डरलाग्दो आँधी र पानी पनि थामिएर अहिले चारैतिर प्रकृति मौन र स्थिर भइसकेको रहेछ । चारैतिर भर्खरै प्रातः कालीन वातावरण आएर एक प्रकारको शान्ति विराजमान् भइसकेको रहेछ । (बाङ्देल, २०८०, पृ. १७-१८)

प्रस्तुत उद्धरणमा लङ्गडाको शारीरिक अवस्थाका कारण हिलोबाट निस्कन नसकेर दःख पाएको र त्यसबाट उत्पन्न समस्याको समाधानका लागि उपायहीनतको अवस्थाका कारण विषाद भाव निष्पन्न भएको देखिन्छ ।

**त्रास** : चट्याङ आदिका कारणबाट पात्रको मनमा बेचैनी उत्पन्न हुनुलाई त्रास भनिन्छ (शर्मा र लुइटेल, २०६७, पृ. ४६) । शरीर काँप्नु, रोमाञ्च पैदा हुनु आदि विकारहरू त्रास भावमा रहन्छन् ।

> बाहिर चुकजस्तो अन्धकारबाहेक केही देखिदैनथ्यो, केवल बेलाबेलामा आकाशको यो छेउदेखि उ छेउसम्म झिलिक्क झिलिक्क गरेको उज्यालो मात्र देखिन्थ्यो । प्रकृतिको यो उद्वेग एकान्त संसारमा बसेको त्यो प्राणीलाई कस्तो उजाड र नीरस लाग्यो भने त्यो उसैले मात्र जान्दथ्यो । त्यसवेला भने उसलाई संसारमा एक्लै छु जस्तो लाग्थ्यो । आफ्नो कोही आत्मीय छैन जस्तो लाग्थ्यो । सारा सहरबासीहरू घोर निद्रामा हुन्थे । लङ्गडा चाहिँ जागा रहेर वर्षाकालमा चारैतिर पृथ्वीबाट खोलानालाहरू बढेर स्वाँ...गरेको आवाज सुनिरहन्थ्यो । (बाङ्देल, २०८०, पृ.१७-१८)

प्रस्तुत उद्धरणमा रहेको पात्र लङ्गडा हावाहुरीसँगै आएको गड्याङ्गुड्ङले गर्दा रातभरि निदाउन नसकेको देखाएर त्रास भाव प्रकट गरिएको छ ।

**व्याधि** : विभिन्न विकारबाट उत्पन्न रोगलाई व्याधि भनिन्छ (शर्मा र लुइटेल, २०६७, पृ. ४६) । सुत्नु शरीर काप्नु आदि विकारहरू व्याधि भावमा प्रयोग हुन्छन् ।

> कहिले भने लङ्गडाले पेटभरि खान पाउँदैनथ्यो । उसलाई ज्वरो आइरहेको हुन्थ्यो । भोकै तीनचार दिनसम्म लडिरहन्थ्यो । (बाङ्देल, २०८०, पृ. २६)

प्रस्तुत उपन्यासमा पनि लङ्गडा तीन चार दिनसम्म खान नपाएर ज्वरोले सुतिरहेको अवस्थामा व्याधि व्यभिचारी भाव निष्पन्न भएको छ ।

**उन्माद** : काम, शोक, भय (शनक) आदिका कारणले चित्त विक्षिप्त हुनुलाई उन्माद भनिन्छ (शर्मा र लुइटेल, २०६७, पृ. ४६) । अकारण हाँस्नु, अकारण रून्नु, अकारण गाँउनु, अकारण चिच्याउनु आदि मनोविकारहरू उन्माद भावमा प्रस्तुत हुन्छन् ।

> उसले धेरै वेरसम्म मलिन ज्योतिले आफ्नो हराएको साथीलाई हेरिरह्यो । कुकुरले पनि खुसीले पुच्छर हल्लायो । लङ्गडाका आँखा आसुले डवडव भए । उसले कुकुरलाई करूण दृष्टिले हेरिरहेको थियो । त्यो दृश्य जीवनको लामो यात्रामा जान लाग्दा कुनै आफ्नो आत्मीय बन्धुले रूँदै बिदा मागिरहेको जस्तो थियो । (बाङ्देल, २०८०, पृ. ६६)

प्रस्तुत उपन्यासमा पनि लङ्गडाले आफ्नो साथी धेरै समय हराएर देखा परेको देखाएर विक्षिप्त अवस्थामा लङ्गडालाई देखाएर यो भाव निष्पन्न भएको देखिन्छ ।

**मोह** : डर, त्रास आदिबाट अचेत हुने अवस्था मोह हो (शर्मा र लुइटेल, २०६७, पृ. ४६) । भय, दुःख, आवेग र कुनै कुरालाई धेरै चिन्तन गर्नु आदि कारणबाट मोहको उत्पत्ति हुन्छ । मूर्छा, अज्ञान, पतन, चक्कर आउँनु, केही पनि नदेखिनु आदि प्राकृतिक चेष्टाहरू यसमा रहन्छन् ।

> लङ्गडालाई दिक्क लाग्यो । ऊ चौरस्तातिर जान लाग्यो । दिन रमाइलो गरि उघ्रेको थियो । सिनेमा हेर्न जाने मानिसहरू रिङ्क सिनेमातिर जान लागेका थिए । लङ्गडा पनि आफ्ना दुवै पाखुराको बलले घस्रँदै उकालो गइरहेको थियो । बिचवुड रोडबाट ऊ फेरि उकालो लाग्यो । ठूलो डाकघरको अघिल्तिर घुम्तीमा पनि ऊ आइपुगेको थियो, माथिबाट ओरालो वेगले दौडाएर ल्याएको एउटा मोटरले लङ्गडालाई किल्चेर झण्डै धुलो पाऱ्यो । तर मोटर वेगले हान्निएर सडकको छेउतिर गयो र लङ्गडा अलिकतिलत बाँच्यो । तर लङ्गडालाई त्यो केही जस्तो लागेन । उसको अनुहार एकोहोरो थियो । ऊ अर्कै भावमा, अर्कै विचारमा डुबेको थियो । (बाङ्देल, २०८०, पृ. ५०)

प्रस्तुत उद्धरणमा लङ्गडाले आफ्नो साथी कुकुरलाई धेरै दिनसम्म पनि नभेट्दा छटपटाउनु, एकोहोरो हुनुका साथै अचेतताको अवस्थासमेत देखिएकाले मोह व्यभिचारी भाव उत्पन्न भएको छ ।

**मरण** : आघातका कारण प्राण त्याग गर्नुलाई मरण भनिन्छ (शर्मा र लुइटेल, २०६७, पृ. ४६) । "... केही बेरपछि एकजना मानिसले लङ्गडाको टाउको उठाएर हेर्न खोज्यो, तर उसका दुवै आँखा सधैँका निम्ति चिम्म भइसकेका रहेछन् । उसले कुकुरलाई अँगालो हालेको हात खुकुलो हुँदै गयो । उसको साथी कुकुरले भने धेरै बेरसम्म लङ्गडालाई छोड्दै छोडेन" (बाङ्देल, २०८०, पृ. ६६) । प्रस्तुत उपन्यासमा लङ्गडाले आफ्नो जीवनमा विभिन्न दुःख, कष्ट भोगेर आफ्नो आत्मीय साथी कुकुरको पुनर्मिलनसँगै मृत्युवरण गरेको छ । त्यस समयमा यहाँ मरण भाव प्रकट भएको छ ।

यसर्थ समग्रमा हेर्दा प्रस्तुत उपन्यासमा रहेको अङ्गी रस करूणको व्यभिचारी भावका रूपमा जडता, चिन्ता, ग्लानि, विषाद त्रास, व्याधि, उन्माद, मोह र मरण भाव देखापरेका छन् ।

## स्थायी भाव

सुरूदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरहने चित्तवृत्तिलाई स्थायी भाव भनिन्छ (शर्मा र लुइटेल, २०६७, पृ. ४४) । अनुकूल वा प्रतिकूल भावहरूबाट नलुक्ने र रसास्वादनको डाँठ वा मूल जराको रूपमा रहने भावलाई स्थायी भाव हुन् । स्थायी भाव भावक वा पाठकका मनमा स्थायी रूपमा रहेको हुन्छ । कुनै पनि रचनामा यो भाव आदिदेखि अन्त्यसम्म स्थिर रूपमा रहन्छ । उपन्यासमा घटनाविकासको सुरूदेखि नै मुख्य पात्र लङ्गडाप्रति उपन्यासका मानवीय पात्रले देखाएको व्यवहारका कारण पाएको दुःखले उपन्यासलाई कारूणिक बनाएको छ । यद्यपि उसको उसको जीवनमा साथी बनेर आएको मानवेत्तर पात्र कुकुरले उसलाई साथ दिएको छ । उपन्यासमा घटनाविकास हुँदै जाँदा एक दिन अकस्मात हराएको साथीलाई सम्झेर लङ्गडो दुःखी बनेको छ । उपन्यासको अन्त्यतिर भेट भएका उनीहरू एक आपसमा भेट भएर मानवीय पात्रजस्तै हार्दिक बनेको देखिन्छ तर उनीहरूक उक्त मिलन केही समयमा नै टुङ्गिएको र त्यसको परिणतिस्वरूप कुकुरले देखाएको व्यवहारले उपन्यासलाई कारूणिक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । केही बेरपछि एक जना मानिसले लङ्गडाको टाउको उठाएर हेर्न खोज्यो, तर उसका दुवै आँखा सधैंका निम्ति चिम्म भइसकेका रहेछन् । उसले कुकुरलाई अँगालो हालेको हात खुकुलो हुँदै गयो । उसको साथी कुकुरले भने धरै बेरसम्म लङ्गडालाई छोड्दै छोडेन (बाङ्देल, २०८०, पृ. ६६) । यसर्थ प्रस्तुत नाटकमा लङ्गडा र कुकुर बिचको सम्बन्ध तथा कारूणिक विछोड प्रस्तुत गर्दै शोक स्थायी भाव भएको करूण रस अङ्गी रसका रूपमा स्थापित भएको छ ।

## निष्कर्ष

प्रस्तुत *लङ्गडाको साथी* उपन्यासमा एउटा लङ्गडाको जीवनलाई देखाउन उसले दैनिक जीवनमा भोग्नुपरेका दुःख, कष्ट, साङ्ग भनिएकाहरूबाट ऊमाथि भएका दुर्व्यवहार, उसलाई साङ्गहरूले हेर्ने दृष्टिकोण, उसले जीविकोपार्जनका लागि गर्नु पर्ने दुःख, एक छाक खानका लागि गर्नु पर्ने सङ्घर्ष, मानवीय पात्रहरूले भन्दा मानवेत्तर पात्र कुकुरले ऊप्रति देखाएको व्यवहार, माया आदिजस्ता कुराहरूलाई प्रस्तुत गरिएको छ । तिनीहरूका आधारमा प्रस्तुत उपन्यास कारूणिक बन्न पुगेको छ । यसर्थ प्रस्तुत उपन्यासमा मुख्य रसका रूपमा स्थायी भाव भएको करूण रस रहेको छ । अङ्गी रस करूणलाई स्थापित गर्नका लागि विभावअन्तर्गत दार्जिलिङ सहरका विभिन्न गल्ली तथा बाटोहरूमा देखापरेका पात्रहरू, स्कुले विद्यार्थीहरू, होटलमा रहेका विभिन्न मानिसहरू, ड्राइभर, पुलिस हाकिम आदिजस्ता पात्रहरू आश्रय तथा लङ्गडा र कुकुर विषयका रूपमा रहेका छन् भने लङ्गडा र कुकुर बिचको मित्रता, लङ्गडाले भोकभोकै दार्जिलिङ सहरका गल्लीहरूमा हिड्नु पर्दाको दुःख, लङ्गडालाई स्कुले तथा सहरका अन्य केटाकेटीहरूले जिक्याउने लगायतका अन्य अमानवीय कार्यहरू, ड्राइभभर, पुलिसको हाकिम आदिजस्ता पात्रहरूले देखाएको व्यवहार, पुसको ठण्डी जाडो, लङ्गडालाई उसको

साथी कुकुरले देखाएको व्यवहार, कुकुर हराउँदा लङ्गडाद्वारा प्रस्तुत व्यवहार, ठण्डी मौसमको वातावरण आदिजस्ता घटनाहरू र परिवेश करूण रसका उद्दीपन विभाव बनेर आएका छन् । त्यसैगरी कुकुरको अनुपस्थितिमा लङ्गडा छटपटिनु, लङ्गडाको अभावमा कुकुर छटपटिनु, कुकुरको व्यवहारले लङ्गडामा कहिले खुसी त कहिले दुःखी बन्नु आदिजस्ता विभिन्न घटनाहरू अनुभाव बनेर आएका छन् भने व्यभिचारी भावका रूपमा जडता, चिन्ता, ग्लानि, विषाद त्रास, व्याधि, उन्माद, मोह र मरण भाव देखापरेका छन् । यसर्थ, समग्रमा भन्नुपर्दा प्रस्तुत उपन्यासको मुख्य घटनाको परिपुष्टताका आधारमा अङ्गीरसका रूपमा करूण रस स्थापित भएको देखिन्छ ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *पूर्वीय समालोचना सिद्धान्त*, सातौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

आचार्य, शुषमा (२०५८), *लैनसिंह बाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन*, काठमाडौं : पदमकुमार आचार्य ।

उपाध्याय, केशवप्रसाद (२०६७), *पूर्वीय साहित्य सिद्धान्त*, पाँचौ संस्क., ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७), *साहित्य-प्रकाश*, सातौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

खतिवडा, संजय (२०७५), *पूर्वीय साहित्य सिद्धान्त व्यवहार र प्रयोग*, काठमाडौं : कोहिनुर प्रसाई ।

जैन, सुन्दरलाल (सन् १९६४) (अनु.), *भरतका नाट्यशास्त्र* (रघुवंश), दिल्ली : मोतीलाल वनारसीदास ।

बाङ्देल, लैनसिंह (२०८०). *लङ्गडाको साथी*, अठारौँ संस्क., रत्न पुस्तक भण्डार ।

विश्वनाथ (सन् १९७७). *साहित्यदर्पण*, नवौं संस्क., (व्याख्याकार शालिग्राम शास्त्री), दिल्ली : मोतीलाल वनारसीदास ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*, तेस्रो संस्क., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।